# गौरीशंकर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सुरी, दोलखा ।, बागमती प्रदेश, नेपाल ।

गौरिशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा बागमती प्रदेश, नेपाल २०७२

## सेवा करारमा पदपुर्ति सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७७/०७/२०)

**प्रस्तुत विषयमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ५ बमाजिम यस आ.व. २०७७/०७८ को लागि तपसिल बमोजिमको उद्यम विकास सहजकर्ताको सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिम योग्यता पुगेका ईच्छुक (उमेर १८ वर्ष भई ४० वर्ष ननाघेका) नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ ।**

| क्र. सं. | बिज्ञापन नं. | पद | तह | संख्या | कैफीयत |
|---|---|---|---|---|---|
| १. | ३/२०७७-०७८ | उद्यम विकास सहजकर्ता | सहायक पाँचौ | १(एक जना) | पाँचौ तहका लागि कुनै निवेदन प्राप्त नभएको खण्डमा दुवै चौथो तहको सहजकर्ता समेत राख्न सकिनेछ । |
| २. | ४/२०७७-०७८ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | १(एक जना) | |

२. **आवश्यक शैक्षिक योग्यता र अनुभव**

१. नेपाली नागरिक ।

२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा

३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता शिप परिक्षण तह २ वा ३ उत्तिर्ण गरेको वा

४. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तिर्ण गरेको ।

३. **दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सिप परिक्षणको प्रमाण पत्र भएमा त्यसको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेद्वार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४. दरखास्त दस्तुर रू.५,००।– यस गौरीशंकर गाउँपालिकाको हिमालयन बैक लि.मा रहेको आन्तरिक आम्दानी कोष खाता नं. **०५६०७६५०३९००१८** मा रकम जम्मा गरको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

५. **दरखास्त बुझाउने स्थान** : गौरीशंकर गाउँपालिकाको कार्यालय, सुरी, दोलखा ।

६. **दरखास्त दिने अन्तिम मिति** : २०७७/०८/०४ कार्यालय समयमा । ( दरखास्त दिने अन्तिम दिन सार्वजानिक विदा परेमा सार्वजानिक विदा पश्चात कार्यलय खुल्ने पहिलो दिन ) ।

७. **छनौट किसिम** : प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन गरी अर्न्तवार्ता लिईने छ (अर्न्तवार्ताको दिन सक्कल प्रमाण पत्र पेश गर्नुपर्ने छ ।)

८. **सेवा सुविधा** : योग्यता र अनुभवको आधारमा गाउँपालिकाले सम्झौतामा तोके अनुसार तलब स्केल र फिल्डमा खटिएको अवस्थामा यातायात खर्च तथा दैनिक भ्रमण भत्ता उपलब्ध गराईने छ ।

९. दरखास्त फर्म यसै गाँउपालिकाको वेवसाईडबाट www.gaurishankarmun.gov.np डाउनलोड गररे भर्न सकिन्छ साथै कार्यलयबाट प्राप्त गर्न सकिन्छ ।

थप जानकारीको लागी सम्पर्क नं. : ९८४१८२८२०६ (सन्तोष पौडेल)

नोट : करार समयअवधी २०७ असार मसान्त सम्म रहनेछ ।

(करार समयावधि २०७८ असार मसान्तसम्म)